**SOTANG : सोताङ**
[Yearly Peer Reviewed Journal]
ISSN: 2676-1440
Year 6, Volume 6, Issue 1, October 2024
Published by Sotang Public Campus

# गोठालेका कथामा सामूहिक अचेतन

**डा. रजनी ढकाल**

*Article History : Submitted 16 Jan. 2024; Reviewed 13 Feb. 2024; Accepted 25 March 2024*
*Author : Rajani Dhakal Email: rajni.dhakal@cdn.tu.edu.np*
*DOI: https://doi.org/10.3126/sotang.v6i1.72177*

**लेखसार**

*प्रस्तुत लेखमा गोठालेका कथामा सामूहिक अचेतनको प्रयोग कसरी भएको छ र त्यसले गोठालेका कथामा कस्तो प्रभाव पारेको छ भन्ने मूल जिज्ञासाको समाधान खोजिएको छ । गोविन्दबहादुर मल्ल गोठाले मनोविश्लेषणात्मक कथा लेख्ने स्रष्टा हुन् र उनका कथालाई मनोविश्लेषणका अन्य सन्दर्भसँगै कार्ल युङको सामूहिक अचेतनका कोणबाट पनि अध्ययन गर्न सकिन्छ । मानिसको मनोजगत् अचेतनबाट निर्देशित हुन्छ र अचेतनको निर्माण वंशाणुगत रूपमा हुन्छ अनि त्यसरी निर्मित अचेतनता सम्पूर्ण मानिसमा एकसमान रहन्छ भन्ने युङको मान्यतालाई आधार बनाई यस अध्ययनमा गोठालेका बाह्रओटा कथाका विभिन्न चरित्रको अध्ययन गरिएको छ । यहाँ सम्बद्ध कथाको सूक्ष्म पठन गर्दै पात्र र तिनका मनोदशाको विश्लेषणबाट पात्रमा देखिएको असामान्य चरित्रको अध्ययन गरिएको छ र अन्त्यमा कथाका चरित्रमा देखिएका असामान्यताको मुख्य कारण सामूहिक अचेतन हो र गोविन्द गोठालेका कथामा सामूहिक अचेतनको प्रयोगले चरित्रगत विशिष्टता मार्फत कथाहरू जीवन्त बन्न पुगेका छन् भन्ने निष्कर्ष निकालिएको छ ।*

**शब्दकुञ्जी**

आद्यविम्ब, आनुवंशिक, धार्मिक विश्वास, पाशविक, सामूहिक अचेतन

## विषय परिचय

गोविन्द गोठाले (वि.सं.१९७९-वि.सं.२०६७) का कथा मनोविश्लेषणका अनेक पक्षबाट अध्ययनयोग्य छन् । उनका कथामा पात्रको मनका अनेक तहको विश्लेषण पाइन्छ । पात्रका मनको अचेतन तहको विश्लेषणले गोठालेका कथा अर्थपूर्ण तथा रोचक भएका हुन्छन् । पात्रका मनका भित्री तहमा रहेका अनेक सोच, दृष्टिकोण र रुचिलाई सामाजिक पृष्ठभूमिमा केलाएर रोचक कथाको रचना गर्ने गोठालेका कथा

मनोविश्लेषणका अनेक पक्षका कोणबाट महत्त्वपूर्ण छन् । उनका कथामा बालमानसिकताका साथै यौनकुण्ठित, अपराधी तथा धार्मिक विश्वासमा रहेका अनेक खाले पात्रका मनस्थितिलाई चिनाइएको हुन्छ । वैयक्तिक अनुभवका पक्षमात्र नभएर वंशाणुगत रूपमा आएका मानिसका आदिम सोच र व्यवहारलाई पनि गोठालेले कथामा समेटेका हुन्छन् । मनोविश्लेषणका व्याख्याता कार्ल गुस्ताफ युङले हरेक मानिसको अचेतन मन उसको वंशाणुगत आद्य प्रभावबाट निर्मित हुन्छ र सोही कारण सबैमा प्राचीन मानवमा रहेको अचेतनताको तह पाइन्छ भन्ने सामूहिक अचेतनको मूल मान्यता स्थापित गरेका छन् । मानिसभित्र रहने यिनै पशुवत् प्राकृतिक गुणले गर्दा मानिसमा जुनसुकै बेला चरित्रमा अनेक असामान्यता वा अनौठोपना देखिन सक्छ । गोठालेका कथामा तिनै असामान्य र अनौठा चरित्रको चित्रण गरी कथालाई विशेष बनाइएको हुन्छ । गोठालेका कथाको यही विशेषतालाई दृष्टिगत गरी यस अध्ययनमा उनका 'के गरेकी शोभा', 'मैले सरिताको हत्या गरेँ', 'आधार', 'खेल', 'बलात्कार', 'त्यो क्रान्तिको प्रतीक', 'चुनाव', 'मेरो बाबा', 'आँखा', 'साधन', 'कथा सेतो बाघको' र 'विचरी ऊ' कथामा प्रयुक्त सामूहिक अचेतनको पक्षलाई अध्ययन गरी निष्कर्ष निकालिएको छ ।

## अध्ययनको विधि

गोविन्द गोठालेका कथामा सामूहिक अचेतनको अध्ययन र विश्लेषण गरिएको यस लेखमा कार्ल गुस्ताव युङको सामूहिक अचेतनको मनोविश्लेषणात्मक मान्यताका आधारमा गोठालेका कथाको विश्लेषण गरिएको छ । यस क्रममा गोठालेका 'के गरेकी शोभा', 'मैले सरिताको हत्या गरेँ', 'आधार', 'खेल', 'बलात्कार', 'त्यो क्रान्तिको प्रतीक', 'चुनाव', 'मेरो बाबा', 'आँखा', 'साधन', 'कथा सेतो बाघको' र 'विचरी ऊ' कथालाई प्राथमिक सामग्री तथा कार्ल गुस्ताव युङको सामूहिक अचेतनका मनोविश्लेषणात्मक मान्यतालाई द्वितीयक सामग्रीका रूपमा चयन गरिएको छ । यस अध्ययनमा गोठालेका कथामा प्रकट भएका आद्यविम्ब, मातृ आद्यविम्ब र पाशविक आद्यविम्बको प्रयोग गरी निगमनात्मक पद्धतिमा कथाको विश्लेषण गरी निष्कर्ष निकालिएको छ । प्रस्तुत अध्ययन कथाका पाठमै आधारित भएकाले विश्लेषणका क्रममा पाठविश्लेषणको विधि अँगालिएको छ ।

## सामूहिक अचेतनका मनोविश्लेषणात्मक मान्यता

मनोविश्लेषक कार्ल गुस्ताव युङ (सन् १८७५-१९६१) सामूहिक अचेतनका व्याख्याता हुन् । स्विटजरल्यान्डको केसेविलमा जन्मिएका युङ आफ्नो बुबाको धार्मिक प्रभावमा हुर्के । युङको पादरी र अनौठा व्यक्तिहरूसँग सम्पर्क रहेको थियो । पूर्वीय समाजका कतिपय मिथकीय पक्षलाई जोडी सामूहिक अचेतनको खोजी गरेकाले उनलाई मानिसहरूले आत्मा खोजी हिँड्ने आधुनिक मानिस र आर्यको विचारधारा राख्ने क्राइस्ट भनिएको पाइन्छ (बराल, २०६८, पृ ७०) । पेसाले चिकित्सक भए पनि उनले धार्मिक, पौराणिक र मिथकीय विषयहरूमा विश्वास गरेका छन् । उनले संसारका सबै मानिसहरू एउटै हुन् भन्ने विचार राख्दै सामूहिक अचेतनको धारणा अघि सारेका छन् । युङले चीन, जापान, उत्तर अमेरिका, इजिप्ट

आदि देशहरू घुमेर पूर्वी र पश्चिमी संस्कृति र मिथकहरूको अध्ययन गरेका छन् (मुल्हे, सन् १९५५, www.thoughtco.com) । धार्मिक स्वभावका भए पनि चर्चमा बस्नेहरूसँग भने उनको मत मिल्दैनथ्यो । उनले चर्चलाई मृतवत् ठान्थे भने हरेक मानिसमा भगवान्को बास हुन्छ भन्ने विश्वास गर्थे (बराल, २०६८, पृ. ६९) । जीवनको पूर्वार्द्धमा फ्रायडको मनोविश्लेषणबाट प्रभावित भए पनि पछि फ्रायडसँग असहमति जनाई स्वतन्त्र विचारधाराका रूपमा युङले आफ्नो मनोविश्लेषणात्मक मान्यतालाई अगाडि बढाएका छन् । यिनको विचारधारालाई विश्लेषणात्मक मनोविज्ञान भनिन्छ ।

युङले अचेतनलाई व्यक्तिगत अचेतन र सामूहिक अचेतन गरी दुई स्तरमा छुट्याएका छन् । सामूहिक अचेतनलाई उनले निर्वैयक्तिक (इम्पर्सनल) अचेतन पनि भनेका छन् (मुल्हे, सन् १९५५, पृ. १४६) । दमित इच्छा, स्मृति र अभिप्रेरणाले व्यक्तिगत अचेतनको निर्माण गर्छ भने आनुवंशिक इच्छा, प्रेरणा आदिले सामूहिक अचेतनको निर्माण गर्छ (तिवारी र सिंह, सन् १९८२, पृ. २३५) । सामूहिक अचेतन व्यक्तित्वको मूल आधार हो भन्ने युङको मान्यता छ । यसले गहिरो अचेतनको अवस्थालाई बुझाउँछ । युङका अनुसार अचेतन मन व्यक्तिका अनुभवबाट नभएर सधैँ वंशाणुगत रूपमा विकसित वा निर्मित भएको हुन्छ (युङ, सन् १९५४, पृ. ३) । मानिसमा रहेका आद्य विश्वास, धार्मिक आस्था, यौनमूलक व्यवहार तथा जीवनमृत्युसम्बन्धी चिन्तन आदि नै सामूहिक अचेतनका अनेक पक्ष हुन् । व्यक्तिभित्रको मानसिक जटिलताको समाधान गर्न र त्यसलाई फुकाउने प्रयत्नमा नै युङको मनोविश्लेषणात्मक सिद्धान्तको मूल चिन्तन केन्द्रित छ । यस सिद्धान्तले मानवीय प्रकृतिको आन्तरिक तहसम्म पुग्ने अन्तर्दृष्टि प्रदान गरेको छ  (घर्ती, २०६७, पृ. ११) । युङले सम्पूर्ण व्यक्तित्वको जग मनलाई मान्दै मनले नै सम्पूर्णताको प्रतिनिधित्व गर्ने कुरा बताएका छन् ।

**सामूहिक अचेतन :**

युङले व्यक्तित्वको बनावटलाई तीन तहमा विभाजन गरेका छन् : चेतन तह, व्यक्तिगत अचेतन, सामूहिक अचेतन । उनका सिद्धान्तमा यी तीनै तहको विशिष्ट व्याख्या पाइन्छ । सबै मानिसमा समान रूपले रहने धर्म, आत्मा, मिथकीय विम्ब आदिको समष्टि स्वरूप सामूहिक अचेतन हो (युङ, सन् १९५४, पृ. ५) । कार्ल गुस्ताव युङले विश्लेषणात्मक मनोविज्ञान नामको स्कुल प्रारम्भ गरी सामूहिक अचेतनको सिद्धान्तका रूपमा विस्तार गरेका हुन् । उनले यसलाई जातीय अचेतन पनि भनेका छन् । सामूहिक अचेतन मानवजातिको एकत्रित अनुभव हो जो वंशानुक्रमका आधारमा मान्छेमा परम्परागत रूपमा आमाबाबुद्वारा प्राप्त हुन्छ (भण्डारी, २०५८, पृ १६१) । युङले व्यक्तित्वको बनावट, आद्यविम्ब, व्यक्तित्वको प्रकार, मानसिक अस्वस्थता, सपना, यौनविभेद जस्ता अनेक सिद्धान्तका आधारमा मानिसको मनोवैज्ञानिक अवस्थाको विश्लेषण गरेका छन् । युङका अनुसार मनले नै सम्पूर्णताको प्रतिनिधित्व गर्छ । युङले "हामी सम्पूर्णतामै जन्मिन्छौँ र जीवनको उद्देश्य पनि सम्पूर्णताकै विकास गर्नु रहन्छ" (बराल, २०६८, पृ ७१) भन्ने विचार युङको छ । युङले सम्पूर्ण व्यक्तित्वको जग मनलाई मानेका छन् । उनले व्यक्तित्व जातीय र जीवशास्त्रीय हुने कुरा बताएका छन् । उनका अनुसार व्यक्तिलाई सामाजिक तथा भौतिक वातावरणमा घुलमिल गर्ने कला पनि यसैले सिकाउने गर्दछ ।

युङले मनको एउटा प्रमुख तहलाई चेतन अथवा अहम् भनेका छन् । चेतनको भूमिका व्यक्तिका जीवनको प्रारम्भिक चरणदेखि नै हुने बताउँदै युङले यसको अस्तित्व जन्मपूर्व नै हुन सक्ने बताएका छन् । उनले बच्चामा फरक छुट्ट्याउन सक्ने क्षमताको विकासमा अहम्को प्रथम भूमिका हुन्छ भनेका छन् भने यसले चेतनको द्वारपाले जस्तै काम गर्छ भन्ने विचार प्रस्तुत गरेका छन् । युङले मनको दोस्रो तहलाई व्यक्तिगत अचेतन भनेका छन् । उनले व्यक्तिगत अचेतनमा व्यक्तिका भावना, विचार, स्मृतिजस्ता संवेगहरू रहन्छन् भनेका छन् । युङको वैयक्तिक अचेतनले फ्रायडको अर्द्धचेतन र अचेतन मनसँग सामीप्य राख्छ । त्यसैगरी सामूहिक अचेतन अचेतनको आन्तरिक संरचना हो भन्दै युङले यसलाई चेतनमा सोझै वा प्रत्यक्ष रूपमा नआउने तर जन्मैदेखि लिएर आएका विषयवस्तुहरू यसभित्र हुन्छन् भनेका छन् (युङ, सन् १९५४, पृ. ३) । सामूहिक अचेतन सबै मानिसमा समान रूपमा रहन्छ । यसमा धर्म, आत्मा, मिथकीय विम्ब तथा अनुभवहरूको स्रोत विद्यमान रहन्छ । यो मानवजातिकै गुणहरूको अवस्थिति वा भण्डार हो । पुर्खैदेखिका मानवीय प्रवृत्तिहरू विद्यमान हुने भएकाले सामूहिक अचेतनलाई व्यक्तिको मानसिक उत्तराधिकारी पनि भनिएको पाइन्छ । संसारमा देखिने सपना, स्वैरकल्पना, परीकथाहरू तथा मिथकहरू एकै प्रकारका हुनु सामूहिक अचेतनकै कारण हो भन्ने कुरा कार्ल युङले बताएका छन् (https://www.thoughtco.com/biography-of-carl-jung-4164462) । सामूहिक अचेतनको सिद्धान्त केही हदसम्म डार्बिनको जीव वैज्ञानिक दृष्टिकोणबाट पनि प्रभावित छ । सामूहिक अचेतनमा युङले आद्यविम्बका अनेक पक्ष प्रस्तुत गरेका छन् । यस अध्ययनमा आद्यविम्बका यिनै पक्षको चिनारी दिँदै कथामा तिनका प्रयोग पक्षको विश्लेषण गरिएको छ ।

**आद्यविम्ब :**

आद्यविम्ब अङ्ग्रेजी आर्केटाइपको नेपाली रूपान्तरण हो । युङले यसलाई प्रागऐतिहासिक वा आदिम विम्ब भनेका छन् । पहिलेदेखि मनको गहिराइमा थिचिएर वा दबिएर रहेका कुराहरूलाई नपढीकनै अनुभव गर्ने प्रवृत्ति आद्यविम्ब हो । आद्यविम्बको आफ्नो रूप हुँदैन । यसले हामीले देखेका, गरेका वस्तु या काममा व्यवस्थापन सूत्रको काम गर्छ । यो आत्मिक प्रकारको हुन्छ । युङले सबै आद्यविम्बहरू वंशानुगत रूपमा आउने र वृत्तिका रूपमा हुने बताएका छन् (युङ, सन् १९५४, पृ. ७) । युङले मातृ आद्यविम्ब, आवरण, पाशविक आद्यविम्ब, स्त्रीआचरण तथा पुरुषाचरण, स्व, बच्चा, अर्थपूर्ण आकस्मिकता, आत्मिक शक्ति, व्यक्तीकरण आदि जस्ता आद्यविम्बको चर्चा गरेका छन् (Cherry, 2020, verywellmind.com) । युङले भनेका आद्यविम्ब मानिसमा परम्परादेखि बन्दै आएको हुन्छ र त्यो स्वाभाविक रूपमा सबै मानिसमा कुनै न कुनै ढङ्गमा रहेको हुन्छ ।

पाशविक आद्यविम्ब अङ्ग्रेजी स्याडोको नेपाली रूपान्तर हो र यसले मनको अँध्यारो पक्षलाई बुझाउँछ । मनका कुण्ठित र दमित भावनालाई प्रतिविम्बन गर्ने स्याडोले मनका दानवी वृत्तिलाई बुझाउँछ । यो मनको गहिराइमा रहन्छ । यसलाई व्यक्तित्वका पनि व्यक्तित्वका रूपमा चिनाइएको छ र यो आद्यविम्ब आदर्शको विपरीत हुन्छ । यसले पूर्व मानवीय अवस्था वा आदिम समयका पुर्खामा रहेका विशेषतालाई

प्रतिनिधित्व गर्छ । चेतनशील नभइसकेका आदिम पुर्खा आफू बाँच्ने र सन्तान उत्पादन गर्ने कार्य मात्र गर्दथे । आफ्नो स्वार्थ पूरा गर्न उनीहरू जस्तोसुकै दुष्टतापूर्ण काम पनि गर्थे । मानिसमा रहेका यस्तै जनावरीय रूप वा गुणलाई पाशविक आद्यविम्बले बुझाउँछ ।

पाशविक गुणभित्र यौन, क्रोध, दुष्टता, डर, रिस आदि खतरनाक क्रियाकलाप पर्छन् । पाशविक आद्यविम्बले जीवनको अविकसित अवस्थालाई प्रस्तुत गर्छ (युङ, सन् १९५४, पृ. ३८) । युङका अनुसार दुष्टता मान्छेको अचेतनमा निहित हुन्छ र यो आद्यविम्बका रूपमा प्रकट हुन्छ । युङले आद्यविम्बको महत्त्व देखाउँदै सूर्यको उदाहरण प्रस्तुत गरेका छन् । जसरी सूर्यको प्रकाशमा छाया हुन्छ त्यसैगरी मानिसका मनमा पनि असामाजिक आवेगहरू हुन्छन् । असामाजिक आवेगहरू उदात्तीकरण भएर मानिसको परिचय दिन सक्छन् । गोठालेका कथामा मानिसका यस्ता विश्वास चित्रित छन् ।

**गोठालेका कथामा विश्वासमा आधारित आद्यविम्ब**

गोविन्द गोठालेका कथामा कार्ल गुस्ताभ युङले व्याख्या गरेको सामूहिक अचेतनको प्रयोग निकै मात्रामा पाइन्छ । सामूहिक अचेतनको प्रयोगका दृष्टिले गोठालेका 'के गरेकी शोभा', 'मैले सरिताको हत्या गरेँ', 'आधार', 'खेल', 'बलात्कार', 'त्यो क्रान्तिको प्रतीक', 'चुनाव', 'मेरो बाबा', 'आँखा', 'साधन', 'कथा सेतो बाघको' र 'विचरी ऊ' कथाहरू महत्त्वपूर्ण छन् ।

'के गरेकी शोभा' कथामा शोभाले स्वर्ग र नरकको कल्पना गरेकी छ । सामाजिक रूपमा स्वीकार्य व्यवहार गर्नेहरू स्वर्ग जान्छन् र घृणित व्यवहार गर्नेहरू नरक जान्छन् भन्ने सामूहिक अचेतनको सोचाइले शोभालाई प्रभावित बनाएको छ । आमा र आफ्नो बाटो नै फरक हुने भएकाले अर्को जन्ममा पनि भेट नहुने धारणा उसले प्रकट गरेकी छ । शोभामा स्वर्ग, नरक, अर्को जन्म जस्ता विषयको विश्वास सामूहिक अचेतनबाट नै जन्मेका हुन् जुन कुरा त्यति बेलाको नेपाली समाजका अधिकांश मानिसमा रहेको देखिन्छ । शोभा आफ्नो स्वतन्त्र निर्णयका कारण परिवार र समाजबाट बहिष्कृत जस्तै भएपछि उसको व्यक्तित्वलाई समाजको विश्वाससँग जोडेर ऊमाथि सहानुभूति जगाउन सामूहिक अचेतनको अभिव्यक्ति विशेष बनेको छ । आफूले रोजेको व्यक्तिसँग हिँडेकी शोभालाई मर्न लागेकी आमासँग पनि भेट्न सजिलो रूपमा स्वीकार नगर्ने सामाजिक अन्धमान्यता र शोभाको स्वर्ग र नरकको कल्पनाले कथामा विपर्युक्तिपूर्ण रोचकता थपेको छ ।

'चुनाव' कथाकी बाबानानीले आफ्नो पति धर्मभक्तलाई चुनावमा जिताउन भगवान्को पुकारा गर्नु, गाई चुनाव चिन्ह धार्मिक रूपले पवित्र भएकाले त्यो चिन्ह आफ्नो पतिले राखेको भए हुने भन्ने आग्रह गर्नु सामूहिक अचेतनको अभिव्यक्ति हो । उसले आफ्नो पतिको चुनाव चिन्ह कोदालो भएको पाएपछि सोधेकी छ : "हाम्रो प्रतीक देवताको नराखी किन कोदाली राख्नुभएको ? धर्मबहादुरलाई गाई र हाम्रो कोदाली । गाई भनेको देउता हो" (गोठाले, २०५२, पृ. २८) । आफ्नो इच्छापूर्तिका लागि बाबानानीले ईश्वरको सहारा लिएकी छ : "हे ईश्वर ! पतिलाई जिताइदेऊ, होइन भने धर्मबहादुरलाई खडा नहोऊ भन" (गोठाले, २०५२, पृ. २८) । बाबानानीको ईश्वरप्रतिको आस्थामा सामूहिक अचेतनता छ । त्यसैगरी बाबानानीले परलोक

भएकी सासू र आमाको मायालाई सम्भिनु, चुनाव चिन्ह देउताको प्रतीक राख्ने आग्रह गर्नु सामूहिक अचेतनको अभिव्यक्ति हो ।

'मेरो बाबा' कथामा धार्मिक आस्थाले सकारात्मक बन्न प्रेरित गर्ने मानवीय स्वभावको अचेतनलाई कथामा प्रस्तुत गरिएको छ । भाउजू पात्रले आफ्नो बच्चालाई मात्र पुग्ने दूधभात आफ्नै बच्चालाई मात्र खुवाउने विचार गरिरहँदा उसका मनमा मातृत्वको बृहत् भावना तथा भगवान्ले उदार बन्नु पर्छ भनेको प्रेरणा एकाएक उत्पन्न हुन्छ :

'भात एक जनालाई मात्रै पुग्छ, मेरो बच्चालाई चाहिन्छ, बिचरा मेरो बाबा !'

त्यो पनि त्यसको आमाको 'मेरो बाबा' हो ।

'तर मेरो बच्चा त होइन ।'

'बोधिसत्वले आज्ञा गर्नुभएको छ ।'

'बोधिसत्वले आफ्नो बच्चालाई मार भन्नु भएको त छैन, मार त भन्नुभएको छैन, मार त... (गोठाले, २०५२, पृ. १६०) ।

बुद्धत्वको उदारमना भावप्रति भाउजूले विश्वास गर्नु सामूहिक अचेतन हो । यहाँ आफ्नो सन्तानलाई प्राथमिकतामा राख्ने भाउजू पात्रले अरूको बच्चालाई उदारभावमा सम्भेर बोधिसत्वको आज्ञालाई सम्भिनु तर पूर्ण सहयोग गर्न नसक्नुले कथामा रोचकता थपेको छ ।

'आँखा' कथाको हीरालालले पत्नीसँगको एउटै संवादमा कथाको सुरुमै ग्रहदशाको प्रसङ्ग उठाएर उसमा सामूहिक अचेतनको भाव रहेको कुरा देखाइएको छ । सामूहिक अचेतनको भावमा बाधा भएर ऊ द्वन्द्वग्रस्त भएको पाइन्छ । जीवनमा जतातत‍ै असफलता पाएपछि हीरालाल पलायनतर्फ उन्मुख भएको छ ।

'कथा सेतो बाघको' कथामा जङ्गबहादुरको मृत्यु स्वाभाविक रूपमा नभएर देवी भगवतीको वाहन सेतो बाघले खाएर भएको भन्ने आम जनविश्वास देखिन्छ । यो भगवान्प्रतिको आस्थाको मिथकीय विश्वास हो । जङ्गबहादुरलाई सामान्य मान्छे नठानेर अलौकिक र दैवी शक्ति भएको ठान्ने साधारण मान्छेको विश्वासले पनि यहाँ काम गरेको छ । जङ्गबहादुरको लास चितामा कसैको आँखाले नदेखिएको भन्ने तर्क र विश्वास पनि जङ्गबहादुरको अलौकिक व्यक्तित्वप्रतिको जनविश्वासको परिणाम हो । सामूहिक अचेतनका कारण समाजका विभिन्न मान्छेको जीवनमा धार्मिक आस्था रहेको हुन्छ भन्ने कुरा यसले सिद्ध गरेको छ ।

'आधार' कथाकी सीताले पति विदेसिएकामा भाग्यसँग सम्भौता गरेर चित्त बुभाउनु, चित्रगुप्तले लेखेको कुरा सहनै पर्छ भनी आध्यात्मिक शान्ति लिने प्रयास गर्नु, चित्रगुप्तले लेखेको कुरो भएरै छाड्छ भन्ने ठान्नु, भाग्यमाथि विश्वास गर्नु, आफ्ना छोराछोरीलाई यज्ञमण्डपबाट प्रकट भएका धृष्टधुम्न र द्रौपदीसँग तुलना गर्नु सामूहिक अचेतनका पक्ष हुन् । यस्तो आद्यविम्बको सामूहिक अचेतनले पात्रका मनमा

सकारात्मक पक्षको विकास गरेको हुन्छ (पोखरेल, २०६५, पृ. २१६) । सीताले आफूलाई रामायणकी सीता र पतिलाई रामको स्थानमा राख्नु, आफ्नी आमाले रामायण पाठ गरेको सुरिलो स्वर बेलाबेलामा उसको कानमा घन्किनु, आमाको त्याग र निष्ठामा जल्दै दुब्लाएको शरीर सम्झिनु, पुराणका कथामा सतीको तप र तपस्याले इन्द्रासन डगमगाएको घटना सम्झिनु, सती गएका नारीलाई सम्झिनु, परपुरुषसँग सम्बन्ध राख्ने महिलालाई रकममा दिइने यातना सम्झिनु आदि आद्यविम्बका प्रमाण हुन् । कथामा सीतभित्र देखिएका अनेक विश्वासले उसको जीवनलाई सहज बनाएको देखिन्छ ।

'विचरी ऊ' कथाको म पात्रले साथीकी बहिनीलाई मन पराउनु उसको अचेतन मनमा रहेको कामवासनाको अभिव्यक्ति हो तर साथीकी बहिनीलाई बहिनीको दर्जा दिनुपर्छ र विवाह गर्नु हुन्न भन्ने सामाजिक विश्वासले कथालाई कुतूहल बनाएको छ । परिवार (आमा)को इच्छा विपरीत विवाह गर्नु हुन्न भन्ने पारिवारिक कर्तव्यप्रति ध्यान दिएर उसले गरेको निर्णयले कथालाई फरक मोडमा लगेको छ र सामाजिक वास्तविकतालाई कुतूहल कथायोजना बनाउन सहयोग गरेको छ । म पात्रले आफूलाई समाज, संस्कृति र इतिहासको अङ्गका रूपमा प्रस्तुत गर्नु सामूहिक अचेतनतासँग जोडिएको सन्दर्भ हो । म पात्र आफ्नी पत्नीसँग सन्तुष्ट हुनुको कारणमा पनि सामूहिक अचेतनका सन्दर्भ आएका छन् । जुराएर बिहे गर्नु, पुरोहितले मन्त्रोच्चारण गरेर बेहुलाको जुठो बेहुलीलाई खुवाउनु, बिहेपछि दुलहीले म पात्रलाई देवता सरह ठान्नु सकारात्मक सामूहिक अचेतनका उदाहरण हुन् । म पात्र साथीकी बहिनीसँग आकर्षित हुनुमा पनि सामूहिक अचेतनता प्रकट भएको छ ।

'त्यो क्रान्तिको प्रतीक' कथाको म पात्रले छोराको निधनपछि शोकमा डुबेकी पत्नी भोलिपल्टै चुपचाप बस्नुलाई आध्यात्मिक गहिराइमा पुगेर मृत्युको अनिवार्यता बुझेको भनी व्याख्या गर्नु सामूहिक अचेतनको अभिव्यक्ति हो । त्यसै गरी म पात्रले पत्नीको साडी गहना अर्कै स्वास्नीमानिसलाई दिएको थाहा पाएपछि पत्नीको झगडा गरेको मनलाई सानो चित्त ठान्दै उसको स्वभावलाई तल्लो जातको ज्याला ज्यामी गर्ने सामान्य मान्छेको स्वभाव जस्तो ठान्नु पनि सामूहिक अचेतनको अभिव्यक्ति हो ।

**गोठालेका कथामा पाशविक आद्यविम्ब**

'मैले सरिताको हत्या गरेँ' कथामा पाशविक आद्यविम्बको प्रयोग पाइन्छ । यस कथाका म पात्र र सरितामा रहेको यौनको अतृप्त चाहनामा आद्यविम्बको संस्कार भेटिन्छ । म पात्रमा रहेको पाशविक आद्यविम्बका कारणले सरिताको हत्या भएको छ । उसमा रहेको हिंस्रक प्रवृत्ति पशुमा रहने गुणसँग मेल खान्छ । आफ्नो आनन्दका लागि उसले सरितालाई नग्न बनाएको छ अनि सरिताको इच्छाअनुसार व्यवहार नगरी अन्ततः उसको हत्या गरेको छ । सरिता पनि आफ्नो मनको अतृप्तिकै कारणले सजिलै नाङ्गिएकी छ । युङका अनुसार आदिम समयमा पुर्खाहरू आफू बाँच्ने र सन्तान उत्पादन गर्ने कार्यमा मात्र सीमित थिए । उनीहरूमा मानवीय चेतनाको कमी थियो, त्यसैले आफ्नो स्वार्थका लागि जस्तोसुकै दुष्टतापूर्ण काम पनि उनीहरू गर्थे । मानिसमा त्यही जनावर अवस्थामा भएको बेलाको गुणहरूलाई पाशविक आद्यविम्बले देखाउँछ । यो मानिसको अन्धकार र स्वार्थी पक्षलाई देखाउने सामूहिक अचेतनरूपी आद्यविम्ब हो । यसले

मनको दुष्टता, डर, रिस, हीन भावना आदिको प्रतिनिधित्व गर्छ । म पात्रमा सरिताप्रति प्रेम भए पनि र सरितालाई समग्र रूपमा प्राप्त गर्ने अनेक सपना देखे पनि उसले मानवीय संस्कार अनुरूप सरितालाई व्यवहार गर्न नसक्नु, नङ्ग्याउनु र अन्ततः मार्नुमा उसको मनभित्र रहेको हीनत्वभाव, सरिता अर्कैकी हुन्छे भन्ने डर र उसमा संस्कारका रूपमा रहेको दुष्टताले काम गरेको छ । मानिस जति उदात्त र सामाजिक देखिए पनि ऊभित्र रहेको चरम स्वार्थी रूप आदिम मानवको गुणसँगै संस्कारमा आएको हुन्छ । सरिता समाजमा आफूभन्दा उच्च जातकी हुनु, संस्कार र सभ्यताले पनि उच्च मानिनु अनि आफू चरित्रहीन कहलाएका कारणले पनि म पात्रमा सरिताका तुलनामा आफू हीन हुँ भन्ने अनुभूति रहेको देखिन्छ । मनभित्र रहेका यिनै पाशविक आद्यविम्बको परिणामस्वरूप कथामा दुई पात्रको मिलन नभई दुर्घटना हुन पुगेको छ ।

'खेल' कथामा शान्तमानले भगवतीसँग प्रेम गरे पनि यौनक्रीडाका समयमा देखाएको पशुवत व्यवहारले उसमा रहेको सामूहिक अचेतनलाई देखाएको छ : "शान्तमानले भगवतीको ओठमा आफ्नो ओठ जोडिदियो । अहिले कठबारको प्वालबाट सुस्केरा छिऱ्यो र उसास भएर भित्र कोठाभरि फैलियो । भगवतीले बल गरेर आफ्ना ओठ हटाई र त्यस्तै बल गरेर शान्तमानको अँगालोबाट फुत्की । अहिले शान्तमान बौलाहाजस्तो भएर भगवतीलाई हेरिरहेको थियो" (गोठाले, २०६३, पृ. ३४-३५) । यौन आक्रामकताले सामूहिक अचेतनतालाई चिनाउँछ । शान्तमानमा पशुवत यौन चाहना उत्पन्न भएको देखिन्छ । भगवतीमा यौनेच्छा नहुँदा पनि शान्तमानमा देखिएको उग्र स्वभावले उसमा रहेको आदिम वृत्तिलाई चिनाएको छ र कथामा यस घटनाले शान्तमानको चरित्रलाई फरक मोडमा लगेर कथामा रोचकता थपेको छ । पात्रको अचेतनका जटिलताका अनेक तह खोल्दा मनोविश्लेषणात्मक कथामा अझ बढी कुतूहलताको निर्माण भएको हुन्छ यस्तै कुतूहलता यस कथामा देख्न पाइन्छ ।

'बलात्कार' कथाका पात्रहरू रामेश्वरमान र दुई पुरुषमा आदिम पशुवत गुण देखिन्छ । खुला ठाउँमा प्रेमालाप गरिरहेका रामेश्वरमान र लिलीमाथि आक्रमण गर्ने दुई पुरुषपात्रले रामेश्वरमानलाई बन्दी बनाएर लिलीलाई बलात्कार गरेका छन् । आफ्ना यौन तृप्तिका लागि पशुवत् व्यवहार देखाएका ती दुई पात्रको व्यवहार आदिम समयका मानिसमा रहेको पशुवत आदिम गुणसँग मिल्छ । आफ्ना चाहना पूर्तिका लागि हिंस्रक व्यवहार गरेका ती पात्रमा युङले भनेअनुसारका चेतनशील भई नसकेका आदिम मानवका जस्ता पशुवत् दुष्टतापूर्ण स्वभावहरू पाइन्छन् । त्यसै गरी आफ्नी पत्नीप्रति सहानुभूति राख्दाराख्दै पनि सोही घटनाका कारण रामेश्वरमानको यौनको आवेग पत्नी लिलीमाथि पशुत्वको ढङ्गमा प्रकट भएको छ । अझ प्रेमिका मिट्ठूलाई सपनामा देखेपछि उद्दीप्त भएको रामेश्वरमानको अतृप्त यौन चाहना पत्नी लिलीसँग बलात्कारी स्वरूपमा प्रस्तुत हुन पुगेको छ । उसले पत्नीसँग सहमतिमा नभएर एकाएक आक्रामक स्वरूपमा प्रस्तुत हुनु, यौन आवेगमा उन्मत्त हुँदा बलात्कारी दुई पुरुषले आफ्नी पत्नीलाई बलात्कार गरेको सम्झिँदै झन् उत्तेजित हुनु जस्ता व्यवहारबाट रामेश्वरमानमा पशुवत् यौन आवेग देखिन्छ । दुई पुरुष र रामेश्वरको पशुवत् यौनावेगले पुरुषको आदिम मनोवृत्तिलाई उद्घाटित गरेको छ । यसबाट कथाले समाजका बलात्कारी पुरुषका मनोवृत्तिलाई केही रूपमा चिनाएको छ ।

रामेश्वरमानले आफूलाई पुरुषार्थहीन सम्झिने आफ्नै हीन भावना र पत्नीको नकारात्मक सोचाइलाई बदल्न पनि उसले त्यस्तो आवेग देखाएको छ । दुई परपुरुषले उसको आँखा अगाडि पत्नीलाई बलात्कार गर्दा उसले आफूलाई कमजोर र पुरुषत्वहीन सम्झेको छ । उसले आफ्नो पुरुषत्व स्थापना गर्न अनि लिलीको विश्वास जित्न र आफ्नो अस्तित्व कायम राख्न उसको अचेतन उद्दीप्त भएको छ । रामेश्वरमानको यौन आवेगको पशुवत् गुणको डरलाग्दो स्वरूपलाई लिलीको चर्को प्रतिक्रियाबाट कथाकारले यसरी प्रस्तुत गरेका छन् :

> ऊ अट्टहास गरेर चिच्याउन चाहन्छे । उसले आफ्नो झाँक्रो फिँजाई भैँमा खुट्टा बजारी र दुवै हातको मुड्कीले लोग्नेको छातीमा चिच्याई चिच्याई ठोकी । युगौँयुगदेखि सञ्चित पुरुषको पौरखप्रतिको निरीह नारीको घृणा र आक्रोश एकैचोटि फुटेर बाहिर निस्केको थियो । मानौँ पृथ्वी कम्पायमान गरेर प्रलय गर्न चाहन्छे, उसले भैँमा खुट्टा बजारेको बजाऱ्यै, लोग्नेको छातीमा मुड्की बजारिरही, बजारिरही । (गोठाले, २०६५, पृ. ५७)

रामेश्वरमानमा रहेको पशुवत् व्यवहार यहाँ वर्णित छ । पतिमा देखिएको पशुवत् रूपकै कारण लिली सहज हुन सकेकी छैन । कथाले बलात्कारी पुरुषको पशुवत् गुण र त्यसका विरुद्ध लिलीमा रहेको प्रतिरोधको चेतना पनि प्रस्तुत गरेको छ । यस घटनाबाट पात्रको मनोवृत्तिको विश्लेषणमा कथामा रोचकता थपिएको छ ।

'साधन' कथाको जेदुनाथ पात्रको अचेतनमा रहेको अतृप्त यौन चाहनाले आफ्नै छोरीलाई पत्नीको स्वरूपमा देख्नु पाशविक आद्यविम्ब हो । त्यसै गरी उसले पशुपतिको मन्दिरमा गएर साँढेको पाउमा छोई आफ्नो पीडाको शमन गर्ने प्रयास गर्नु असामान्यताले सिर्जना गरेको सामूहिक अचेतनताको अभिव्यक्ति हो ।

## निष्कर्ष

गोविन्द गोठालेका कथामा सामूहिक अचेतनका रूपमा आद्यविम्बको प्रयोग भएको छ । यस्ता आद्यविम्बको प्रयोगले उनका कथा रोचक हुनुका साथै सामाजिक स्वीकृतिमा फरक स्तरका देखिन्छन् भन्ने कुरा यस अध्ययनबाट अझ स्पष्ट भएको छ । उनका कथामा सामूहिक अचेतनको प्रयोग पात्रको विशिष्ट चरित्र निर्माणका साथै कथानकमा रोचक मोड निर्माणमा प्रमुख कारक बनेको हुन्छ । कथामा यस्तो अवस्थाको सिर्जनाले कथानक योजना पनि कुतूहलमय र विशेष बन्न पुगेको देखिन्छ । गोठालेका कथामा आद्यविम्बको प्रयोग चरित्रको सकारात्मक तथा नकारात्मक दुवै भूमिकाका लागि महत्त्पूर्ण देखिन्छ । विश्लेष्य कथाका बाबानानी, शोभा, भाउजू जस्ता पात्रले आद्यविम्बका कारण जीवनको जटिल परिस्थितिलाई सजिलैसँग समायोजन गर्न सकेका छन् । कतिपय पात्रमा सकारात्मक मनस्थितिको पनि निर्माण भएको छ । त्यसैगरी 'मैले सरिताको हत्या गरेँ' कथाको म पात्र, अन्य कथाका शान्तमान, रामेश्वरमान, जेदुनाथ जस्ता पात्र अपराधी, आक्रामक र परपीडक स्वभावका छन् । यस्ता पात्रमा हुने जटिल मनोभावना मानिसमा रहेको आद्यविम्ब हो भन्ने कुरा कथाबाट स्पष्ट भएको छ ।

सामाजमा अनेक पक्षाको परिबन्दमा परेका पात्रप्रति सहानुभूति प्रदान गर्ने काम गोठालेका कथामा भएको छ भने अर्कातिर सामूहिक अचेतनको प्रयोगले पात्रमा उत्पन्न दुष्ट मनोवृत्तिका कारक पक्षको विश्लेषण गर्न विशेष सघाउ पुगेको छ । गोविन्द गोठालेका कथामा मानिसका अनेक मनोवृत्तिलाई चिनाइएको छ । अपराधी, बलात्कारी, स्वार्थी प्रवृत्तिका पात्रको मनोवृत्तिको उद्घाटनमा मात्र होइन जीवनमा सकारात्मक ऊर्जा भर्नका लागि पनि गोठालेले कथामा सामूहिक अचेतनका रूपमा रहेको आद्यविम्बलाई स्थान दिएर गोठालेले कथा लेखेका छन् । उनका कथाहरू सामाजिक जीवनका यथार्थसँग जोडिँदै तिनका अनेक मनस्थितिलाई केस्रा केस्रामा केलाउन सफल रहेका छन् । त्यसैले गोविन्द गोठाले सामूहिक अचेतनको प्रयोगका दृष्टिले सफल कथाकार हुन् ।

## सन्दर्भ सामग्रीसूची

गोठाले, गोविन्दबहादुर (२०५४). *कथासङ्ग्रह.* पाँचौँ संस्करण. साझा प्रकाशन ।

गोठाले, गोविन्दबहादुर (२०६५). *बाह्र कथा.* दोस्रो संस्करण. साझा प्रकाशन ।

गोठाले, गोविन्दबहादुर (२०६३). *प्रेम र मृत्यु.* तेस्रो संस्करण. साझा प्रकाशन ।

घर्ती, दुर्गाबहादुर (२०६७). *मनोविश्लेषणात्मक नेपाली उपन्यासमा पात्रविधान.* साझा प्रकाशन ।

तिवारी, गोविन्द र सिंह, लाभ (सन् १९८२). *असामान्य मनोविज्ञान के मूल आधार.* चतुर्थ संस्करण. विनोद पुस्तक मन्दिर ।

पोखरेल, कृष्णप्रसाद (२०६५). गोविन्द गोठालेका कथामा द्वन्द्वविधान (विद्यावारिधि शोधप्रबन्ध). मानविकी तथा सामाजिक शास्त्र सङ्काय, त्रिभुवन विश्वविद्यालय ।

बराल, कृष्णहरि (२०६८). *मनोविश्लेषण र साहित्य.* अक्सफोर्ड इन्टरनेसनल पब्लिकेसन प्रा. लि. ।

भण्डारी, कृष्णप्रसाद (२०५८). *फ्रायड र मनोविश्लेषण.* दोस्रो संस्करण. साझा प्रकाशन ।

Cherry, K. (2020). The 4 Major Jungian Archetypes. verywellmind .com. Updated on June 30. (Retrieved on 2020, August 10)

Jung, C.G. (1954). *Archetypes and Collective Unconscious Part 1*, *Volume 9*. Second Edition. Prinseton University Press.

Mullahy, P. (1955). *Oedipus Myth and Complex : A Review of Psychoanalytic Theory.* Grove Press.

https://www.thoughtco.com/biography-of-carl-ju ng-4164462 (Retrieved on 2019, July 13).